आज मिति २०८१ पौष ९ गते मंगलबारका दिन बिहान १०:१५ बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६३ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थितिः**

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य सुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

**अन्य उपस्थितिः**

तुल बहादुर वि.क. - बरिष्ठ प्रशासकीय अधिकृत/बैठक व्यवस्थापक

बिमला वग्ले - प्रशासकीय अधिकृत

शैलेस पोखरेल

## मिति २०८१/०९/०९ गतेको नगरकार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं. १**

राइनास नगरपालिका नगरसभाको १५ औं अधिवेशन २०८१ पौष महिनाको २८ गते आइताबार बिहान ठिक ८:०० बजेदेखी गर्ने साथै उक्त नगर सभाका सहभागीहरु जनप्रतिनिधि र कर्मचारीहरुका लागि राम्रो खालको १/१ थान झोला उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २**

गण्डकी प्रदेश नीति तथा योजना आयोगद्धारा आवधिक योजना निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार यस नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ दफा ७ को उपदफा (क) बमोजिम तथा अनुसूचि २ को प्रस्ताव पेश गर्ने ढाँचा अनुसार पेश भएको प्रस्ताव स्वीकृत गरी लागत साझेदारीमा आवश्यक पर्ने रकम बिनियोजन गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

करार कर्मचारीहरुको म्याद थप का विषयमा प्रमुख प्रशासकीय अधिकृतले करार सम्झौतामा उल्लेख भएका शर्त अनुरुप कार्य गरे नगरेको कार्यसम्पादनका आधारमा मूल्यांकन गरी कार्यपालिकामा पेश गर्ने र त्यसरी पेश हुने प्रतिवेदन उपर छलफल गरी कार्यपालिकाले आगामी दिनमा आवश्यक निर्णय गर्ने।हाललाई करार कर्मचारीहरुको म्याद २०८२ आषाढ मसान्त सम्मको लागि थप गर्न नगरसभामा प्रस्ताव लैजाने ।

**निर्णय नं. ४**

चालु आर्थिक वर्ष ०८१/८२ मा नेपाल जलवायु नमूना कार्यक्रम तर्फ विनियोजन भएको बजेट रु.१५००००००।०० बाट नेपाल जलवायु नमूना कार्यक्रम कार्यान्वियन कार्यविध २०८१ को दफा १० बमोजिम एकै ठाउँमा भन्दा स्थानीय आवश्यक्ताहरुलाई सम्बोधन गर्दै बढी भन्दा बढी प्रतिफलमुखी हुने देहाय बमोजिमका कार्यक्रम स्वीकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

**देहाय :**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | रकम रु. | कार्यविधिको दफा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सर्वोदय सेवाश्रम धाम संरक्षण तार्कुघाट | वडा नं.८ | ३०००००० | १० ख २ | |
| २ | राइनास पार्क निर्माण | वडा नं.९ | ३०००००० | १० ख १ | |
| ३ | नगरपालिकाको फोहोर संकलन व्यवस्थापन केन्द्र निर्माण | वडा नं.४ | २५००००० | १० घ ३ | |
| १० | कृषि संकलन केन्द्र निर्माण | वडा नं.६ | २०००००० | १० क ११ | |
| ४ | कडयान चिल्ड्रेन पार्क निर्माण | वडा नं.१ | ३००००० | १० ख १ | |
| ५ | हिलेडंडा देखी मुख्य सडक सम्म पदमार्ग निर्माण | वडा नं.२ | ३००००० | १० घ १ | |
| ६ | धम्के सिंचाइ कुलो निर्माण | वडा नं.३ | ३००००० | १० क १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सातबिसे बजार चौतारा निर्माण | वडा नं.४ | [illegible]००००० | १० घ २ | |
| ८ | नमूना गाउं तिनपिप्ले बिरौटा (कुमालकाँडे) | वडा नं.५ | ९००००० | १० घ २ | |
| ९ | प्रांगारिक मल उत्पादन | वडा नं.६ | ३००००० | १० क २ | |
| ११ | गरमबेंशी ड्रिप बोरिङ सिंचाइ | वडा नं.७ | ३००००० | १० क १ | |
| १२ | नमूना गाँउ निर्माण तार्कुघाट | वडा नं.८ | ४००००० | १० घ २ | |
| १३ | भक्ति पार्क निर्माण | वडा नं.९ | ५००००० | १० ख १ | |
| १४ | प्यारजुङ भन्ज्याङ पार्क | वडा नं.१० | ५००००० | १० ख १ | |
| १५ | स्थानीय अनुकुलन कार्ययोजना लापा अद्यावधिक स्वीकृति र प्रकाशन | सबै वडामा | ५००००० | ७ | |
| जम्मा रु. | | | १५०००००० | | |

निर्णय नं. ५

राइनास नगरपालिका वडन नं.२ को पन्थेडाँडामा शहरी स्वास्थ्य केन्द्र सँचालनको लागि नगरपालिकाबाट गरिने संगठन तथा व्यवस्थापन सर्वेक्षणमा राखी प्रकृया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ६

यस नगरपालिका अन्तरगत हर्राबोट-राइनासकोट- प्यार्जुङ-गौडा सडक स्तरोन्नतिका लागि थप बजेटको व्यवस्था गरिदिन शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ७

यस राइनास नगरपालिका वडा नं. ९ को राइनासकोटमा स्तुपा निर्माण गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा सालफेदी-लुपुगाउँ- भक्तिपार्क हुँदै राइनासकोट सडक निर्मण गर्न संघीय शहरी विकास मन्त्रालय काठमाडौंमा आवश्यक बजेट व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ८

राइनास नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक वडापत्र व्यवस्थापन गर्नको लागि पेश भएको सेवा प्रवाह सम्वन्धि मापदण्ड २०८१ स्वीकृत गरी सबै वडा कार्यालयहरुमा नागरिक वडापत्र व्यवस्थापन गर्ने र नगरपालिकाको मुख्य मुख्य चोक र बजार क्षेत्रमा नगरपालिकाको महत्वपूर्ण स्थानहरु र बजार क्षेत्रको पहिचान र बाटो सहितको संकेत चिन्ह राख्ने व्यव्थाका लागि संख्या र रकम यकिन गरी कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ९

यस नगरपालिकाको वडा नं.९ र १० को वडा कार्यालय भवन नभएकोले सेवा प्रवाहलाई प्रभावकारी बनाउन गण्डकी प्रदेश सरकार संगको साझेदारीमा भवन निर्माण गर्न "स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१" बमोजिम प्रस्ताव पेश गर्ने र बजेट व्यवस्थाका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले लमजुङ
...श, नेपाल

निर्णय नं. १०

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं.४३२४ मिति २०८१/०३/०५ को पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाका लागि प्रस्ताव माग गरेकोले यस नगरपालिकाको वडा नं.४ मा निर्माणाधिन अवस्थामा रहेको फोहोर व्यवस्थापन केन्द्र संचालनका लागि प्रस्ताव पेश गर्ने र नियमानुसार १० प्रतिशत लागत सहभागिता साझेदारी गर्ने ।

निर्णय नं. ११

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यस्थलमा आधारित तालिम शिर्षकमा विनियोजन भएको बजेट ९ लाख मध्येबाट सूचीकृत वेरोजगारहरुको लागि ईलेक्ट्रिसियन तालिम संचलन गर्नको लागि आवश्यक प्रकृया अगाडि बढाउन कायदिश दिने निर्णय भयो ।

निर्णय नं. १२

नगरपालिकाको खेलकूद कार्यक्रम (मेयर कप, राइनास कप भलिबल, फुटबल र अन्य खेलकूद कार्यक्रम)मा विनियोजन भएको बजेट रु. १५,००,०००।०० (अक्षरीपी बीसलाख मात्र) मध्येबाट चौथो राइनास कप खेलकूद कार्यक्रम संचालनको लागि रु.८,००,०००।०० (अक्षरुपी आठलाख मात्र) विनियोजन गरी गौलीटार क्षेत्रीय खेलमैदान समिति मार्फत कार्यक्रम संचालन गर्ने व्यवस्थाका लागि नगरकार्यपालिकाको कार्यालयमा निर्देशन गर्ने निर्णय गरियो ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिका कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ पौष २५ गते बिहिबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६४ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थितिः

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

अन्य उपस्थितिः

तुल बहादुर वि.क. – बरिष्ठ प्रशासकीय अधिकृत/बैठक व्यवस्थापक

[illegible]शिव पौडेल - लेखा अधिकृत

शैलेश पोखरेल

मिति २०८१/०९/२५ गतेको नगरकार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत कार्यक्रम अनुरुप हालसम्म भएको प्रगति विवरण नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त भए अनुरुप छलफल सहित पारित गर्दै नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २

चालु आ.ब.मा नगर कार्यपालिकाले गरेका महत्वपूर्ण निर्णयहरु तयार गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस राइनास नगरपालिका स्थित श्री शिशु विद्याश्रम मा.वि.को निर्माणाधिन छात्रावासका लागि राष्ट्रिय योजना आयोगमा थप बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतीजाहरु (LISA र FRA) अनुमोदन सहित सार्वजनिक गर्ने निर्णय गरियो।

निर्णय नं. ५

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परिक्षणको लागि परामर्शदाता सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा.लि. पोखराबाट परिक्षण गरी प्राप्त प्रतिवेदन स्वीकृत गर्ने र परिक्षणबाट देखिएका सुधार गर्नुपर्ने पक्षहरुमा सुधार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ६

उपभोक्ता समितिहरुबाट सम्पादित कार्यहरुमा नगरपालिकाले कट्टा गर्दै आएको धरौटी तत् तत् उपभोक्ता समितिहरुको नाममा फिर्ता दिने र यस आ.व.मा गरिएका र गर्ने उपभोक्ता समितिहरुको भुक्तानीमा धरौटी कट्टा नगर्ने निर्णय गरियो।

निर्णय नं. ७

यस नगरपालिकामा कार्यरत शिक्षा शाखा प्रमुख (उपसचिव दशौं तह) श्री पूर्ण बहादुर अछामी (कर्मचारी संकेत नं. १५४७१७) को २०८१ माघ ५ गतेबाट उमेर हदको कारण अनिर्वाय अवकाश हुने हुँदा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ दफा ३३ बमोजिम सोही मिति देखि लागू हुने गरी अनिवार्य अवकाश पत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ८

सबै करार सेवामा कार्यरत कर्मचारीहरुको २०८२ आषाढ मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

वडा नं.१ को कार्यालय निर्माण गर्दा सम्झौताका BOQ मा उल्लेख भएको अनुमानित कार्य (मेशिनरी वाल, टस समेत १० वटा आइटम) मा काम गर्दै जाँदा कूल कार्य तथा रकममा १६.९१ प्रतिशत घटी हुन आएको र सो को भेरियसन अर्डर स्वीकृतिका लागि प्रविधिक शाखाबाट पेश भएको "सार्वजनिक खरिद ऐन २०६३" को दफा ५४ को उपदफा १ को खण्ड छ र सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११८ बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत